# खुम्बु पासाङल्हामु गाउँपालिका

## आधार शिविर व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

कार्यपालिकाबाट र मितिः २०८०/११/१७

चौरीखर्क, से कोशी प्रदेश

### प्रमाणिकरण मितिः २०८०/११/१८

खुम्बु पासाङल्हामु गाउँपालिकाको आधार शिविर व्यवस्थापन **(**पहिलो संशोधन**)** कार्यविधि**,** २०८०

प्रस्तावनाः खुम्बु पासाङल्हामु गाउँपालिकाको आधार शिविर व्यवस्थापन कार्यविधि, २०८० संशोधन गर्न वाञ्छनीय भएकोले, गाउँपालिकाको ८८ औं गाउँ कार्यपालिका बैठकले कार्यविधिको परिच्छेद ९ (४) बमोजिम कार्यविधिको पहिलो संशोधन गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम आधार शिविर व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. मूल कार्यविधिको दफा २ को उपदफा २ पछि देहाय बमोजिम उपदफा २ (क) थप गरिएको छ ।

२(क) "अन्य सहयोगी" भन्नाले पर्वतारोहीको परिवारका सदस्य, आफन्तजन, शुभचिन्तक, साथीभाई, प्रायोजक, चिकित्सक र शिविर व्यवस्थापक समेतलाई सम्झनु पर्छ ।

३. मूल कार्यविधिको दफा ३ को उपदफा १ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

उपदफा १ को (छ) मा पर्वतारोही भन्ने शब्दको सट्टा आरोही भन्ने शब्द कायम गरिएकोछ । उपदफा १ को (ञ) मा वायु सेवा संचालक संघ नेपालको अध्यक्ष शब्दावली पछि वा थप गरिएको छ ।

उपदफा १ को (ण) लाई देहाय अनुसार संशोधन गरी (त) र (थ) थप गरिएको छ ।

(ण) निजामति पर्वतारोहण संघ नेपालको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि १ जना –सदस्य

(त) वातावरण तथा विपद व्यवस्थापन समितिका संयोजक –सदस्य

(थ) वातावरण अधिकृत वा वातावरण शाखा हेर्ने जिम्मेवारी पाएको कर्मचारी –सचिव

४. मूल कार्यविधिको दफा ३ को उपदफा (५) मा सक्नेछ भन्ने शब्दको सट्टा सकिनेछ भन्ने शब्द कायम गरिएको छ ।

५. मूल कार्यविधिको दफा ४ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

उपदफा (१) मा पर्वतारोहीहरू र पर्वतारोहण सहयोगीहरूको भन्ने शब्दावलीहरूको सट्टा पर्वतारोहीहरू, पर्वतारोहण सहयोगीहरू र अन्य सहयोगीहरूको भन्ने शब्दावलीहरू कायम गरिएको छ ।

उपदफा (३) मा पर्वतारोहीहरू र पर्वतारोहण सहयोगीहरू भन्ने शब्दावलीहरूको सट्टा पर्वतारोहीहरू, पर्वतारोहण सहयोगीहरू र अन्य सहयोगीहरू भन्ने शब्दावलीहरू कायम गरिएको छ ।

६. मूल कार्यविधिको दफा ५ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

उपदफा (३) मा १० वर्गफिटसम्मको सट्टा ६० वर्गफिटसम्मको कायम गरिएकोछ ।

उपदफा (४) मा पर्वतारोहीहरू र पर्वतारोहण सहयोगीहरूको भन्ने शब्दावलीहरूको सट्टा पर्वतारोहीहरू, पर्वतारोहण सहयोगीहरू र अन्य सहयोगीहरूको भन्ने शब्दावलीहरू कायम गरिएको छ ।

उपदफा (४) दोहोरिएकोले दोस्रो उपदफा ४ लाई उपदफा (५) उपदफा ५ लाई उपदफा ६ उपदफा ६ लाई उपदफा ७ कायम गरी उपदफा ५ मा एउटा आरोहण दलमा बढीमा १५ जना पर्वतारोही र तिनका सहयोगीहरू गरी अधिकतम ३० जनासम्म को सट्टा आवश्यकतानुसार पर्वतारोहण सहयोगीहरू भन्ने शब्दावलीहरू कायम गरिएको छ ।

७. मूल कार्यविधिको दफा ६ को उपदफा (२) दोहोरिएकोले दोस्रो उपदफा २ लाई उपदफा ३ कायम गरी अन्य उपदफाहरुलाई क्रमानुसार उपदफा ४, ५, ६ र ७ कायम गरिएको छ ।

८. मूल कार्यविधिको दफा ७ को उपदफा ४, उपदफा ५ र उपदफा ६ मा देहाय बमोजिम संशोधन गरिएको छ ।

(४) आधार शिविरभन्दा माथि चाहिने सामानहरूको सूची तयार गरी अनिवार्य दर्ता गराउनु पर्नेछ । पर्वतारोहण अभियान सकेपछि पर्वतारोहण प्रयोजनको लागि आधार शिविरभन्दा माथि प्रयोग भएका सामानहरू अनिवार्य रूपमा आधार शिविरमा फिर्ता ल्याउनु पर्नेछ । पर्वतारोहण अभियान सकेपछि आधार शिविरभन्दा माथि खाद्यन्न तथा अन्य कुनैपनि सामग्रीहरू भण्डारण गर्न पाइने छैन । साथै आधार शिविरभन्दा

माथि बक्स टेन्टको प्रयोग गर्न पाइने छैन। पर्वतारोहणका लागि नयाँ डोरी टाँग्ने बेला पूरानो डोरीहरू फुकालेर अनिवार्य रूपमा आधार शिविरमा फिर्ता ल्याउनु पर्नेछ।

(५) आधार शिविरभन्दा माथिबाट ल्याएको र क्याम्पमा उत्पादन भएको फोहोर तोकिएबमोजिम वर्गिकरण गरी प्रदुषकले तिर्ने (Polluter Pay) सिद्धान्तका आधारमा शुल्क गाउँपालिका वा गाउँपालिकाभित्रको फोहोर व्यवस्थापन गर्न जिम्मेवारी प्राप्त संस्थालाई बुझाउनु पर्नेछ।

(६) पर्वतारोहणको क्रममा कुनैपनि पर्वतारोही, पथ प्रदर्शक र उचाइका कामदारको मृत्यु भएमा मृत शरीरको व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित ट्रेकिङ्ग एजेन्सी/ट्राभल एजेन्सीको हुनेछ। तोकिएबमोजिम फोहोर व्यवस्थापनपछि मात्र Garbage Clearance Letter गाउँपालिका वा गाउँपालिकाले तोकेको निकाय मार्फत प्रदान गरिनेछ।

९. मूल कार्यविधिको दफा ८ को उपदफा १ लाई देहाय बमोजिम हुने गरी संशोधन गरिएको छ।

(१) पर्वतारोहणसंग सम्बन्धित सामग्रीहरू स्याङबोचेसम्म हेलीकप्टर वा यातायातको अन्य साधनमार्फत ढुवानी गर्न सकिनेछ भने स्याङबोचेभन्दा माथि याक, जोप्के र स्थानीय कामदारमार्फत मात्र ढुवानी गर्नु पर्नेछ। विशेष कारणवश स्याङबोचे भन्दा माथि हेलिकप्टर वा यातायातका अन्य साधन मार्फत पर्वतारोहण सम्बन्धी सामाग्री ढुवानी गर्नु परेमा दफा ३ बमोजिमको समन्वय तथा अनुगमन समितिबाट अनुमति लिनु पर्नेछ।

१०.कार्यविधिको परिच्छेद ९ मा दफा ९ विविध र अन्य कायम गरी उक्त परिच्छेदमा रहेका व्यवस्थाहरुलाई उपदफा १ देखि ५ सम्ममा कायम गरिएको छ।